नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(आन्तरिक व्यवस्थापन शाखा)

पत्र संख्या :- २०७७/०७८

चलानी नं: ४६५

मिति २०७७/०८/२२

**विषय : परिपत्र सम्बन्धमा ।**

श्री सबै मन्त्रालय/ सचिवालय/आयोग/प्रतिष्ठान/विभाग/निकाय ।

श्री जिल्ला समन्वय समितिको कार्यालय ७७ वटै ।

श्री स्थानीय तहहरु सबै ।

प्रस्तुत बिषयमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. म.बै.३२१/२२२१ मिति २०७७/०८/१० को पत्रानुसार कोभिड-१९ सम्बन्धी आदेश जारी गर्ने विषय मं.प.बै.स. ४८/०७७ मिति २०७७/०८/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यस सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहाय बमोजिम निर्णय गरेकोले सोही बमोजिम कार्यान्वय गर्नु गराउनुहुन आदेशानुसार अनुरोध छ ।

१. कोभिड-१९ को संक्रमणका कारण क्वारेन्टिन वा आईसोलेशनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका सरकारी तथा अर्ध सरकारी निकाय एवं कार्यालयमा कार्यरत कर्मचारीहरुका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टिन वा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गरि क्वारेन्टिन वा आईसोलेशमा बसेका कर्मचारीहरुलाई बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरुलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरि दिने । निजी संघ संस्थाका हकमा समेत सोही अनुसारको व्यवस्था गर्न गराउन अनुरोध गर्ने ।

२. सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट संक्रमित भएमा वा कन्ट्याक्ट ट्रेसिङ्गमा परेमा त्यस्ता पदाधिकारी वा कर्मचारी बाहेक अन्य कर्मचारी/पदाधिकारीबाट सार्वजनिक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउने । यसको नियमित अनुगमन सम्बन्धित मन्त्रालय र प्रदेश संकट व्यवस्थापन केन्द्र/जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रले गर्ने ।

बसन्त भट्टराई

शाखा अधिकृत

**बोधार्थ :-**

श्री सूचना तथा प्रविधि शाखा : वेबसाइटमा अपलोड गरिदिनुहुन ।

प्रशासन

सूचना प्रविधी शाखालाई web site मा राख्न लगाउने।

८/२३

त्रि.न.पा. कार्यालय

द.नं ९५२८

मिति ०७७/८/२३

शाखा

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. : मं.बै./३२१/२२२१

मितिः २०७७/८/१०

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ सम्बन्धी आदेश जारी गर्ने विषय मं.प.बै.सं. ४८/०७७ मिति २०७७/८/१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा स्वास्थ्य र सुरक्षासम्बन्धी मापदण्ड पालना गर्ने गराउने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम देहायबमोजिम आदेश जारी गर्ने । सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने ।

१. काठमाडौं उपत्यका लगायत कोभिड-१९ को संक्रमणको दर उच्च रहेका केही जिल्ला वा स्थानहरूमा कोभिड-१९ को संक्रमणको श्रृङ्खला तोड्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (CCMC) ले संक्रमण जोखिमको आँकलन तथा विश्लेषण गर्ने र सोको आधारमा जोखिमयुक्त जिल्ला र क्षेत्र पहिचान गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने । सम्बन्धित जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले आफ्नो जिल्लाभित्रको कोभिड-१९ को संक्रमण जोखिमको विश्लेषण गरी जिल्लाभरि वा संक्रमणको बढी जोखिम भएको ठाउँ वा क्षेत्रमा मात्र लागू हुने गरी संक्रामक रोग ऐन, २०२० को दफा २ को उपदफा (२) बमोजिम संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक व्यवस्था मिलाउन र सोको निमित्त आवश्यकतानुसार स्थानीय प्रशासन ऐन, २०२८ बमोजिमको अधिकारसमेत प्रयोग गर्न सबै प्रमुख जिल्ला अधिकारीलाई मुकरर गरी अधिकार सुम्पने ।

२. चलचित्र प्रदर्शन गर्ने र बढी भीडभाड हुने एवं स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लागू गर्न नसकिने सेवा र कार्य बाहेक अन्य सेवा र कार्य स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना हुने गरी सञ्चालनमा ल्याउन सम्बन्धित मन्त्रालयले अनुमति दिने। मन्त्रालयले त्यसरी अनुमति दिएका सेवा र कार्य

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

सञ्चालन गर्दा कोभिड-१९ संक्रमणको जोखिम विश्लेषणको आधारमा स्वास्थ्य तथा सुरक्षाका थप मापदण्ड लागू गर्न आवश्यक भएमा सम्बन्धित मन्त्रालयले आवश्यक कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याउने । कोभिड-१९ संक्रमणको जोखिम विश्लेषणको आधारमा कुनै सेवा वा कार्यको सञ्चालनमा कुनै खास क्षेत्र वा ठाउँमा रोक लगाउन वा कुनै किसिमले नियन्त्रण गर्न आवश्यक देखिएमा दफा १. बमोजिम सम्बन्धित प्रमुख जिल्ला अधिकारीले निर्णय गरी आवश्यक व्यवस्था मिलाउने ।

३. कोभिड-१९ को संक्रमणका कारण क्वारेन्टिन वा आईसोलेशनमा बसी वा अस्पताल भर्ना भई कार्यालयमा उपस्थित हुन नसकेका सरकारी तथा अर्ध सरकारी निकाय एवं कार्यालयमा कार्यरत कर्मचारीहरूका हकमा सम्बन्धित कार्यालय प्रमुखले क्वारेन्टिन वा आईसोलेशनमा बसेको वा अस्पताल भर्ना भएको व्यहोरा प्रमाणित गरी क्वारेन्टिन वा आईसोलेशनमा बसेका कर्मचारीहरूलाई बढीमा १४ दिन र अस्पताल भर्ना भई उपचार गराएका कर्मचारीहरूलाई अस्पतालमा उपचार गराउँदाको अवधिभर सार्वजनिक विदा कायम गरी दिने । निजी संघ संस्थाका हकमा समेत सोही अनुसारको व्यवस्था गर्न गराउन अनुरोध गर्ने ।

४. सार्वजनिक निकायमा कार्यरत पदाधिकारी वा कर्मचारी कोभिड-१९ बाट संक्रमित भएमा वा कन्ट्याक्ट ट्रेसिङ्गमा परेमा त्यस्ता पदाधिकारी वा कर्मचारीबाहेक अन्य कर्मचारी/ पदाधिकारीबाट सार्वजनिक सेवालाई निरन्तरता दिने व्यवस्था मिलाउने । यसको नियमित अनुगमन सम्बन्धित मन्त्रालय र प्रदेश संकट व्यवस्थापन केन्द्र (PCCMC)/ जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले गर्ने ।

५. कोभिड-१९ संक्रमणको जोखिम विश्लेषण गरी स्वास्थ्य तथा सुरक्षाका मापदण्ड र तोकिएका शर्तहरू पूर्णपालना हुने गरी पारस्परिकता, आवश्यकता र औचित्यको आधारमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नियमित अन्तर्राष्ट्रिय हवाई उडानहरू सञ्चालन गराउने व्यवस्था मिलाउने। तर मित्रराष्ट्र भारतको हकमा एअर ट्राफिक बबलको अवधारणा अनुरूप प्रतिदिन एक/एक उडानमात्र सञ्चालन हुने गरी दुबै पक्षबाट तोकिएको कुनै एक वायुसेवालाई उडान गर्न अनुमति दिने। सम्बन्धित वायुसेवा मार्फत अन्तर्राष्ट्रिय हवाई उडानबाट नेपाल आउने यात्रुहरूले यात्रा गर्नु अघि नै International Traveller Online Form अनिवार्य रुपमा भर्ने/भराउने व्यवस्था मिलाउने । उक्त Online Form भरेका र विमानमा बोर्डिङ्ग हुने समय भन्दा बढीमा ७२ घण्टाअघिको PCR रिपोर्ट नेगेटिभ भएका यात्रुलाई मात्र ल्याउने व्यवस्थालाई कडाइकासाथ पालना गर्ने गराउने ।

६. विदेशस्थित नेपाली नियोगबाट जारी हुँदै आएको नेपाल भ्रमणको प्रवेशाज्ञा पूर्ववत रूपमा जारी गर्ने व्यवस्था सम्बन्धित निकायले मिलाउने ।

नेपाल सरकार
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :



७. विदेशी पर्यटक नेपाल भ्रमणमा आउँदा पालना गर्नुपर्ने शर्तहरू र मापदण्ड संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले तोक्ने ।

८. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/७/२४ गतेको निर्णयानुसार नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमनका सम्बन्धमा देहायबमोजिम गर्ने र अन्य व्यवस्था उक्त मिति २०७७/७/२४ गतेको निर्णयबमोजिम नै हुने–

(क) स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड लगायत अन्य तोकिएका शर्तपालना हुने गरी हवाई मार्गबाट नेपाल प्रवेश गर्ने विदेशी यात्रुहरू नेपालको अन्तर्राष्ट्रिय विमानस्थलबाट नेपाल प्रवेश गर्न पाउने व्यवस्था मिलाउने । तर स्थलमार्गबाट नेपाल प्रवेश गर्न नपाउने व्यवस्था पूर्ववत कायमै रहने ।

(ख) "कोभिड-१९ को विश्वव्यापी संक्रमणको कारणबाट उत्पन्न असहज परिस्थितिमा स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश आउन सहजीकरण गर्ने सम्बन्धी आदेश, २०७७ (संशोधनसमेत)" बमोजिम स्थलमार्गबाट नेपाल प्रवेश गर्न तोकिएका प्रवेश विन्दुबाट नेपाली नागरिकले नेपाल प्रवेश गर्न सक्ने व्यवस्था पूर्ववत कायमै रहने ।

९. उल्लिखित व्यवस्थाको पूर्णपालना भए नभएको सम्बन्धमा सम्बन्धित मन्त्रालय र प्रदेश कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (PCCMC)/जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) ले स्थानीय प्रशासनको सहयोगमा अनुगमन गर्ने । यसरी अनुगमन गर्दा स्वास्थ्य तथा सुरक्षाका मापदण्ड लगायत अन्य व्यवस्थाहरू उल्लघंन भएको पाइएमा सम्बन्धित व्यक्ति वा संस्थालाई प्रचलित कानूनबमोजिम कार्वाही गर्ने ।

(शंकरदास बैरागी)
मुख्यसचिव

**बोधार्थ तथा कार्यार्थः**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, परराष्ट्र मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np